केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/१/०७५/७६ मिति: २०७५/०४/०२

"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४ को विभिन्न बुँदाहरुमा यसैसाथ संलग्न तालिका बमोजिम संशोधन/परिमार्जन/नयाँ व्यवस्था थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

२०७५।४।२

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।

## यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४ मा संशोधन

| क.स. | निर्देशन नं. | निर्देशन २०७४ मा भएको विद्यमान व्यवस्था | निर्देशन २०७४ मा गरिएको संशोधन/परिमार्जन/नयाँ थप व्यवस्था |
|---|---|---|---|
| १. | "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४ को बुँदा नं. ३.२ को खण्ड (ज) पछि खण्ड (झ) थप गरिएको | **३.२ खुद्रा कर्जा कारोवार गर्ने लघुवित्त वित्तीय संस्थालाई देहाय बमोजिमको कर्जा सीमा कायम गरिएको छ।**<br>(ग) हाल नभएको। | **३.२ खुद्रा कर्जा कारोवार गर्ने लघुवित्त वित्तीय संस्थालाई देहाय बमोजिमको कर्जा सीमा कायम गरिएको छ।**<br>(झ) लघुवित्त वित्तीय संस्थाले बिना धितो सामुहिक जमानीमा वा धितोका सुरक्षणमा लघुकर्जा प्रदान गर्दा एक ऋणीले एकभन्दा बढी लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिए/नलिएको (Multiple Banking) एकीन गरी यस व्यवस्था बमोजिमको एकल ग्राहक कर्जा सीमा ननाघ्ने गरी मात्र कर्जा प्रदान गर्नु पर्नेछ। यस प्रयोजनका लागि अन्य वित्तीय संस्थाबाट लघुवित्त कर्जा लिए/नलिएको सम्बन्धमा ऋणीको स्वघोषणा गराई लिएको भए सोको विवरण समेत लिनुपर्नेछ। |
| २. | "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४ को बुँदा नं. ४.१ को खण्ड (ज) पछाडि खण्ड (झ) थप | **४.१ वित्तीय विवरण सम्बन्धी मार्गदर्शन**<br>हाल नभएको। | **४.१ वित्तीय विवरण सम्बन्धी मार्गदर्शन**<br>(झ) सहायक कम्पनीको रुपमा स्थापना भएका लघुवित्त वित्तीय संस्थाले आफ्नो मुख्य कम्पनीसंग हुने कारोबारलाई आफ्नो वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी (Notes to Accounts) मा सम्बन्धित पक्षबीच हुने कारोबार शीर्षक अर्न्तगत खुलाउन पर्नेछ। |
| ३. | "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४ को बुँदा नं. १२ को उपबुँदा नं. १.२ | **१.२ कर्जा सुचना केन्द्रमा ऋणी (ग्राहक) सम्बन्धी विवरण पठाउनु पर्ने**<br>(क) ईजाजतप्राप्त लघुवित्त वित्तीय संस्थाले पचास हजार रुपैयाँ वा सोभन्दा बढी कर्जा बक्यौता रहेका ऋणीहरुको विवरणहरु कर्जा स्वीकृत भएको मितिले १५ दिनभित्र कर्जा सुचना केन्द्रमा पठाउनु पर्नेछ। यस्तो विवरण केन्द्रले उपलब्ध गराएको वेबसाइट मार्फत अनलाइन रुपमा पठाउन सकिनेछ।<br>(ख) ईजाजतप्राप्त संस्थाले उपर्युक्त विवरण प्रत्येक त्रयमास समाप्त भएको मितिले १५ दिनभित्र ऋणीको कर्जा चुक्ता नभएसम्म कर्जा सुचना | **१.२ कर्जा सूचना केन्द्रमा ऋणी (ग्राहक) सम्बन्धी विवरण पठाउनु पर्ने**<br>(क) ईजाजतप्राप्त लघुवित्त वित्तीय संस्थाले **नयाँ कर्जाको हकमा** कर्जा स्वीकृत भएको महिना समाप्त भएको मितिले १५ दिनभित्र कर्जाको विवरण कर्जा सूचना केन्द्रमा पठाउनु पर्नेछ। यस्तो विवरण केन्द्रले उपलब्ध गराएको वेबसाइट मार्फत अनलाइन रुपमा पठाउन सकिनेछ।<br>(ख) ईजाजतप्राप्त **लघुवित्त वित्तीय** संस्थाले कर्जाको विवरण प्रत्येक त्रयमास समाप्त भएको मितिले १५ दिनभित्र ऋणीको कर्जा चुक्ता |

| | | | |
|---|---|---|---|
| | | केन्द्रमा पठाउनु पर्नेछ। | नभएसम्म कर्जा सूचना केन्द्रमा पठाउनु पर्नेछ।<br>(ग) **माथि उल्लेखित खण्ड (क) र (ख) बमोजिमको सूचना कर्जा सूचना केन्द्र लिमिटेडमा नपठाइएमा सूचना नपठाइएको त्यस्तो कर्जामा २ प्रतिशत विन्दुले थप कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ।** |
| ४. | "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४ को बुँदा नं. १५.२ | १५.२ इजाजतपत्रप्राप्त संस्थाहरुले ग्राहकलाई प्रदान गर्ने कर्जाको ब्याजदर निम्नानुसार हुने गरी तय गर्नु पर्नेछ।<br>(क) संस्थाले आफ्नो कोषको लागत (Cost of fund) मा प्रशासनिक लागत वापत बढीमा ४ प्रतिशत विन्दुसम्म थप गरी कोष तथा प्रशासनिक लागत कायम गर्न सक्ने।<br>(ख) खण्ड (क) बमोजिम कायम हुन आउने दरमा **बढीमा ७ प्रतिशत विन्दुसम्म थप** गरी कर्जाको ब्याजदर कायम गर्न सक्ने । **तर, यसरी तय हुने कर्जाको ब्याजदर १८ प्रतिशत भन्दा बढी हुन नहुने।**<br>(ग) हाल कायम रहेका कर्जामा लिने ब्याजदर यस व्यवस्था बमोजिम कायम हुने दर भन्दा बढी भएमा **२०७४ असार मसान्तसम्ममा** यस व्यवस्था बमोजिम हुने गरी कायम गरी सक्नु पर्ने।<br>(घ) यस व्यवस्था बमोजिम ब्याजदर कायम नगर्ने संस्थाहरुलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० बमोजिम कारवाही गरिने।<br>*नोटः यस व्यवस्थाको प्रयोजनका लागि कोषको लागत (Cost of fund) भन्नाले संस्थाका सदस्यहरुबाट संकलित वचत रकम, सर्वसाधारणबाट संकलित निक्षेप रकम र ऋण तथा सापटीको भारित औसत ब्याजदरलाई जनाउँनेछ।* | १५.२ इजाजतपत्रप्राप्त संस्थाहरुले ग्राहकलाई प्रदान गर्ने कर्जाको ब्याजदर निम्नानुसार हुने गरी तय गर्नु पर्नेछ।<br>(क) संस्थाले आफ्नो कोषको लागत (Cost of fund) मा प्रशासनिक लागत वापत बढीमा **३ प्रतिशत** विन्दुसम्म थप गरी कोष तथा प्रशासनिक लागत कायम गर्न सक्ने।<br>(ख) खण्ड (क) बमोजिम कायम हुन आउने दरमा **बढीमा ६ प्रतिशत विन्दुसम्म थप** गरी कर्जाको ब्याजदर निर्धारण गर्न सक्ने ।<br>(ग) यस व्यवस्था बमोजिम ब्याजदर कायम नगर्ने संस्थाहरुलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० बमोजिम कारवाही गरिने।<br>*नोटः यस व्यवस्थाको प्रयोजनका लागि कोषको लागत (Cost of fund) भन्नाले संस्थाका सदस्यहरुबाट संकलित वचत रकम, सर्वसाधारणबाट संकलित निक्षेप रकम र ऋण तथा सापटीको भारित औसत ब्याजदरलाई जनाउँनेछ।* |